### (ख) नगरपालिकाका शिक्षण संस्थाहरूका सवल पक्षहरू

लेटाङ नगरपालिकामा सञ्चालित विभिन्न सामुदायिक तथा संस्थागत विद्यालयहरू, धार्मिक विद्यालय र क्याम्पस यहाँका शिक्षण संस्था हुन् । यस नगरपालिकामा सञ्चालित शिक्षण संस्थाहरूका धेरै सवल पक्ष छन् । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- आवश्यक न्यूनतम भौतिक पूर्वाधार हुनु,
- बालमैत्री कक्षाकोठा, शौचालय तथा पिउनेपानीको व्यवस्था हुनु,
- नियमित सञ्चालन हुनु,
- बालबालिकालाई सक्षम बनाउने उद्देश्यले जीवनोपयोगी सीप विकासमा जोड दिनु,
- योग्य तथा दक्ष शिक्षकहरूको व्यवस्था हुनु,
- विद्यालयहरूमा फूलबारी निर्माण हुनु,
- कम्प्युटर, इन्टरनेट, स्मार्ट टि.भि. जस्ता प्रविधिको व्यवस्था हुनु,
- नियमित अतिरिक्त क्रियाकलाप तथा खेलकुदमा जोड दिनु,
- नगर स्तरीय शैक्षिक क्यालेण्डरका आधारमा एकरूपताका साथ सञ्चालन हुनु,
- स्वास्थ्य परीक्षण, परामर्श, जुकाको औषधी, खोप, भिटामिन ए क्याप्सुल वितरणको व्यवस्था हुनु,
- विद्यार्थी मूल्याङ्कन तथा परीक्षा प्रणालीमा एकरूपता हुनु आदि ।

### शिक्षकलाई निर्देशन :

विद्यार्थीहरूलाई आफ्नै विद्यालय र आसपासका अन्य विद्यालयहरूको उदाहरण दिएर शिक्षण संस्थाका थप सवल पक्षहरूको जानकारी गराउनुहोस् ।

# पाठ : ५
# रहनसहन र वेषभूषा

**यस पाठको सहजीकरण पश्चात् विद्यार्थीहरूमा निम्नलिखित सिकाइ उपलब्धि हासिल हुने अपेक्षा गरिएको छ :**

- रहनसहन र वेषभूषाको महत्त्व पहिचान गर्न ।

## सिकाइ सहजीकरण :

- समुदायका विभिन्न वेषभूषाहरू चिनाउने चित्रहरू प्रदर्शन गरी छलफल गर्ने ।

## पाठको नमुना :

### लेटाङको रहनसहन र वेषभूषा

मानिस सामाजिक प्राणी हो । मानिस समाजमा बस्छ र समाजमै मर्छ । समाजभन्दा बाहिर मानिसले बस्ने कल्पना पनि गर्न सक्दैन । समाज एकभन्दा धेरै मानिसहरूको समुदाय हो । एकभन्दा बढी परिवारको बसोबासको थलो हो । समाज शब्दले गाउँटोल वा सहरका बेग्लाबेग्लै घरमा बस्ने व्यक्तिहरूको समूहलाई बुझाउँछ । समाजले एउटै रहन—सहन, व्यवस्था, धर्म आदि अँगाल्ने वा एकै स्थानमा बसोबास गर्ने मानिसहरूको समूहलाई बुझाउँछ । विभिन्न जात, धर्म, विचार भएका मानिसहरूको बस्ती नै हो समाज । सामाजिक एकता , सहकरिता , आपसी सहयोग, सद्भाव नै समाजको मूल एकता हो । समाजभित्र विभिन्न जात, धर्म विचार, व्यवस्था, व्यक्तित्व, व्यवहार, आचरण र अस्तित्व बोकेका मानिसहरूको बसोबास हुन्छ ।

यस नगरपालिकामा विभिन्न जातजातिको बसोबास रहेको छ । किराँती समुदायको बाहुल्यता रहेको यस नगरमा राई, लिम्बु, मगर, बाहुन, क्षेत्री, तामाङ, कामी, दमाई, सार्की, ठकुरी, गुरुङ, भूजेल, नेवार, धिमाल आदिको बसोबास रहेको छ । यस नगरपालिकामा नेपाली, लिम्बु, राई मगर तामाङ गुरुङ मैथिली आदि भाषाहरु सम्बन्धित समुदायहरुले बोल्ने गर्दछन् । नेपाली भाषा सरकारी कामकाज र विद्यालयहरुमा पठनपाठनको मुख्य भाषा भएको हुँदा सबै नगरबासीहरुले बुझ्ने र बोल्ने गर्दछन् । यहाँ हिन्दु, बौद्ध, किराँत, ईसाई र ईस्लाम धर्म मान्ने धार्मिक समुदायहरु बसोबास गर्दछन् । हिन्दु बौद्ध र किराँत धर्मावलम्बीहरुमा धेरै धार्मिक प्रचलनहरुमा समिपता देखिन्छ । पेशागत रुपमा यहाँको अधिकांश जनसंख्या कृषि पेशामा आधारित रहेका छन् । तर वर्तमान समयमा यहाँका नागरिकहरुको पेशामा परिवर्तन आएको छ । वैदेशिक रोजगारीको कारण पारिवारिक आयमा सामान्यतः परिवर्तन आएको हुँदा परिवारका सदस्यहरु शहर केन्द्रित हुने, बालबालिकाहरु पढ्नको लागि शहर तथा बजार केन्द्रमा आउने र अन्य पेशामा संलग्न हुने गरेको छ । विगत केही वर्ष देखि प्राय हरेक घरका युवाहरु बैदेशिक रोजगार र अध्ययनको शिलशिलामा विदेश तर्फ वस्दछन् । यस नगरपालिकामा

**वेषभूषा :**

लेटाङ नगरपालिका जातीय र सांस्कृतिक विविधता भएको नगरपालिका हो । यहाँका मानिसहरू आफ्नो जातीयता र मौलिकतालाई प्यारो ठान्दछन् । त्यसैले यहाँको रहनसहन र वेशभूषा जातीयता र मौलिकता प्रभावित छ । यहाँ बसोबास गर्ने राई, लिम्बू, मगर, तामाङ, गुरुङ, नेवार आदि जनजातिहरू आफूलाई आदिवासी जनजातिको रूपमा चिनाउन रुचाउँछन् । कुनै विशेष समारोह, मेला, जात्रा, उत्सव, चाडपर्व आदिमा आ-आफ्नो जातिको मौलिक पोसाक र गरगहनामा सजिएर हिँड्नु यहाँका बासिन्दाको विशेषता हो ।  ब्राह्मण, क्षेत्री लगायत अन्य जातजातिमा राष्ट्रिय पोसाकको मोह उत्तिकै छ । औपचारिक कार्यक्रम, सभा, सम्मेलन, समारोह, चाडपर्व, वैवाहिक कार्यक्रम आदिमा सहभागि हुन जाँदा राष्ट्रिय पोसाकमा सजिएर जाने प्रचलन रहेको छ । तर सामान्य अवस्थामा घरमा बस्दा वा काम गर्दा सबै जातजातिले आफूलाई सहज हुने वेषभूषाको प्रयोग गर्ने गरेको पाइन्छ ।

## शिक्षकलाई थप निर्देशन :

विद्यार्थीहरू बसोबास गर्ने स्थानको आधारमा सामाजिक रहनसन र वेषभूषाका उदाहरणहरू दिई थप जानकारी दिनुहोस् ।

## अभ्यास :

**१. तलका प्रश्नहरूको अति छोटो उत्तर लेख्नुहोस् :**

(क) लेटाङमा कुन समुदायको बाहुल्यता रहेको छ ?

(ख) लेटाङमा बोलिने मुख्य भाषा कुन हो ?

(ग) लेटाङ नगरपालिकामा बसोबास गर्ने मानिसहरूको मुख्य पेसा के हो ?

**२. तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् :**

(क) लेटाङ नगरपालिकाको सामाजिक रहनसहनबारे संक्षेपमा लेख्नुहोस् ।

(ख) लेटाङ नगरपालिकामा बसोबास गर्ने मानिसहरूको वेषभूषाबारे संक्षेपमा लेख्नुहोस् ।

## परियोजना कार्य :

घरमा अभिभावकको सहयोगमा समुदायमा बसोबास गर्ने जातिहरूको बारेमा तल दिइएको तालिका पूरा गरेर ल्याउनुहोस् ।

| क्र.सं. | जाति | रहनसहन | वेषभूषा |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

# पाठ -५

## सेवा प्रवाह गर्ने अन्य निकायहरू

**यस पाठको सहजीकरण पश्चात् विद्यार्थीहरूमा निम्नलिखित सिकाइ उपलब्धि हासिल हुने अपेक्षा गरिएको छ :**

- नगरभित्रका सेवा प्रवाह गर्ने अन्य निकायहरू पहिचान गर्न ।

### सिकाइ सहजीकरण :

- सरकारी सेवा प्रवाह गर्ने स्वास्थ्य, शिक्षा, कृषि पशुपन्छी विकास शाखा वा कार्यालय, केन्द्र र इकाइहरू, वडा कार्यालय, सेवा केन्द्र र कार्यालयको विभिन्न शाखाहरूको मुख्य-मुख्य कामको सूची बनाई छलफल गर्ने ।

### पाठको नमुना :

**लेटाङ नगरपालिकाका सेवा प्रवाह गर्ने सरकारी तथा अन्य कार्यालयहरूको विवरण**

| क्र.सं. | कार्यालयको नाम | कार्यालय रहेको स्थान | मुख्य काम |
|---|---|---|---|
| १. | नगरकार्यपालिकाको कार्यालय | वि.पी. चोक दक्षिण | • नगरपालिकाबाट हुने सम्पूर्ण कार्य |
| २. | वडा कार्यालयहरू | ९ वटै वडामा | • वडाबाट हुने सम्पूर्ण कार्य |
| ३. | नगर अस्पताल | बिरन | • विशेषज्ञ डाक्टरबाट स्वास्थ्य जाँच तथा उपचार<br>• ल्याव परीक्षण<br>• प्रसुति सेवा |
| ४. | स्वास्थ्य चौकी | साग्मा, वारङ्गी, जाँते, | • सामान्य स्वास्थ्य जाँच तथा उपचार |
| ५. | प्रहरी चौकी | बुधबारे | • शान्ति सुरक्षा, अपराध नियन्त्रण, विपत् सहायता र अन्य नागरिक सहायता |
| ६. | इलाका प्रहरी कार्यालय | वि.पि. चोक पूर्व (थानालाइन) | • शान्ति सुरक्षा, अपराध नियन्त्रण, विपत् सहायता र अन्य नागरिक सहायता |
| ७. | नेपाल दूर सञ्चार संस्थान | लेटाङ बजार (टेलिकम लाइन) | • टेलिफोन लाइन वितरण, मर्मत सम्भार, सिमकार्ड वितरण, इन्टरनेट जडान, महसुल लिने आदि |
| ८. | पशु अस्पताल | लेटाङ बजार | • पशु स्वास्थ्य जाँच |

## अभ्यास :

**१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) असल सामाजिक मूल्य मान्यतको एउटा उदाहरण दिनुहोस् ।

(ख) असल मूल्य मान्यताको विकास कहाँबाट सुरू हुन्छ ?

(ग) असल सामाजिक व्यवहारको कुनै एक उदाहरण दिनुहोस् ।

**२. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) असल सामाजिक मूल्य मान्यताको परिचय दिनुहोस् ।

(ख) समाजको विकासमा असल सामाजिक मूल्य मान्यताको भूमिका उल्लेख गर्नुहोस् ।

**३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) तपाईं बसोबास गरेको समाजमा प्रचलित असल मूल्य मान्यताहरूको सूची तयार गर्नुहोस् ।

(ख) असल सामाजिक व्यवहारहरूको सूची तयार गर्नुहोस् ।

# पाठ - २

## विद्यालय र समुदायमा धार्मिक सहिष्णुताको सम्मान

**यस पाठको सहजीकरण पश्चात् विद्यार्थीहरूमा निम्नलिखित सिकाइ उपलब्धि हासिल हुने अपेक्षा गरिएको छ :**

- धार्मिक विविधताको सम्मान एवम् धार्मिक सहिष्णुता विकास गर्न ,
- सरकारले सामाजिक समता र विकासमा गरेको कार्यहरूको पहिचान गर्न ।

### सिकाइ सहजीकरण :

- शान्तिको अभावमा हुने समस्याहरूसँग परिचित गराउने, द्वन्द्व, हुलदङ्गा र युद्ध व्यवस्थापन गर्दा समय, स्रोत, जीवन र जनशक्तिको क्षति हुने जस्ता विषयमा परियोजना कार्य गराउने र शिक्षकले सहजीकरण गर्ने,
- सार्वजनिक स्थलहरूमा असल सामाजिक ( धार्मिक, नैतिक, सामाजिक) मूल्य मान्यताहरूको समविकास र सम्मानका लागि गर्नुपर्ने कामहरूमा छलफल गरी सहिष्णुता कायम गर्न सहजिकरण गर्ने,
- नगर र देशको धार्मिक सहिष्णुताका लागि स्थानीय सरकार र समुदायको भूमिका जानकारी गराउने, स्थानीय धार्मिक स्थलहरूको समविकासको जानकारी गराउने,
- सामुदायिक मेलमिलाप र शान्तिमा स्थानीय मूल्य मान्यताहरूको सकारात्मक भूमिकाहरू र यसको विकासका कार्यहरू व्याख्या गर्ने ।

### पाठको नमुना :

लेटाङ बहुसांस्कृतिक विशेषतासहित सुदृढ सामाजिक एकता भएको नगर हो । बहुमूल्य सम्पदाका चाडपर्व र संस्कृति संरक्षण गर्नुपर्ने साझा दायित्व हाम्रा सामु छ । यहाँ विभिन्न सम्प्रदायका मानिस बसोबास गर्छन् त्यसैले पनि यहाँ पृथक् पृथक् चाडपर्व मनाउने गर्दै आएको छ । यहाँका समुदायले आफ्ना चाडपर्व वा देवता अथवा सम्मानित व्यक्तित्वको जन्मदिन व्यापक उत्साह र सद्भावका साथ मनाउने प्रचलन बढ्दै गएको छ । उदाहरणका लागि इसाई धर्मावलम्बीको विशेष उत्सवका रूपमा रहेको 'क्रिसमस डे' पछिल्ला समयमा अझ उत्साहपूर्ण रूपमा मनाउँदै आइएको छ । इसा मसिह अथवा यशु ख्रिस्टको जन्मदिनको अवसरमा प्रत्येक वर्ष डिसेम्बर २५ का दिन मनाइने यस पर्वमा क्रिश्चियन धर्मावलम्बीका साथै गैरक्रिश्चियनले पनि मनाउने प्रचलन बढ्दो छ । धार्मिक सद्भाव, एकता, अन्तरधर्म सम्मान, सबै धर्म र संस्कृतिप्रतिको सम्मान गर्ने संस्कृतिको विकास हुँदा सबै धर्मावलम्बीका विशेष पर्व सबै धर्म सम्प्रदायको रूचि र सम्मानको विषय बन्दै गएको छ ।

एउटा कृषि । हामीसँग कोदो, जुनेलो, फापर, पुराना धान थिए । पछिल्लो दशकमा ती सबै हराउन थालेका छन् । हामीसँग भएका कृषिबाली नै भएन भने खाद्य सुरक्षा पनि नहुने भयो ।

त्यस्तै दोस्रो हो, सिप । हामीसँग समुदाय तथा भूगोल विशेष हाम्रा सिपहरू थिए । हामीसँग डोको, डालो, नाङ्लो, ढिकी, जाँतो, ओखल, गुन्द्री, घुम, छत्री आदि बनाउने सिप थियो । त्यस्ता सिपले मानिसहरूलाई स्वरोजगार बनाएको थियो । बिना सिपका मानिसहरू भए भने यी मौलिक कृषि प्रविधि लोप हुन्छन् । हामीसँग बाँस, निगालो, काँस, काठ थियो, जसमा हामी आफ्नो सिप प्रयोग गरेर मौलिक कृषि तथा खाद्यान्न उपकरण तयार पार्थ्यौं । यस्ता सामग्री घरमै बनाउँदा बाहिरबाट केही किन्न पर्दैनथ्यो । केही कुरा खरिद नगर्दा हामी आत्मनिर्भर हुन्थ्यौं । आधुनिकीकरण हुँदा त्यो पनि सकिँदै गयो ।

तेस्रो भनेको हाम्रो प्रविधि । समय परिवर्तन भयो, प्रविधिमय समाज व्यापक विस्तार हुँदै गइरहेको छ । अहिलेको जमानामा मानिसहरू प्रविधिमैत्री भएका छन् । नयाँ प्रविधिले हाम्रो काम सहज बनाइदिएका छन् । संसार नै नयाँ प्रविधिको पछि दगुरिरहेको छ । यसो हुँदा हामीले हाम्रा मौलिक प्रविधि बिर्सियौं । पुराना प्रविधि अलिकति ढिलो थिए होलान्, आकर्षक देखिँदैनथे होलान् । तर, त्यसलाई नयाँ प्रविधिसँग जोड्न त सकिन्थ्यो ।

हामीसँग दही जमाउने भाँडो ठेकी हुन्थ्यो । त्यसैमा मोही पार्न सकिन्थ्यो । मदानी प्रयोग गरेर मोही पार्न सकिन्थ्यो । मदानीको ठाउँमा बरू मोटर प्रयोग गर्न सकिन्छ होला । तर, हामी पूर्ण रूपमा नयाँ ग्राइन्डर प्रयोग गर्न थाल्यौं । एउटै ठेकीलाई दूध, दही राखेर मही बनाउन सकिन्थ्यो । ग्राइन्डरलाई अरूमा प्रयोग गर्न सकिन्छ त ? सकिँदैन । यसले हाम्रो खर्च बढाइरहेको पनि छ ।

त्यति मात्र नभएर उक्त ठेकी बनाउने काठ हाम्रै वनजङ्गलमा पाइन्थ्यो । ती प्रविधि, हामीसँग भएका सीप तथा स्रोतले हामी आत्मनिर्भर भएका थियौं । त्यस्तै जाँतोको सन्दर्भमा पनि हामी हाम्रै बगरमा भएको ढुङ्गा प्रयोग गरेर जाँतो बनाउन सक्थ्यौं । जाँतो बनाउने सिप पनि हामीसँग थियो । त्यही जाँतोबाट हामी पीठो बनाउन सक्थ्यौं । घरघरमा जाँतो हुँदा, त्यो जाँतोबाट पिसिएको पिठो हुन्थ्यो । जाँतोबाट पिस्दा त्यसले हाम्रो खाद्यान्नमा भएका तत्त्वलाई सुरक्षित राख्थ्यो । अहिले मिलमा बेस्सरी तात्तिएका ग्राइन्डरबाट पिठो निकाल्दा त्यसमा भएका पौष्टिक तत्त्व मरिरहेका छन् । यसको प्रभाव हाम्रो स्वास्थ्यलाई परिरहेको छ । यसरी कृषि बाली लोप हुँदै जाँदा यी तीन कुरा कृषिको बिउ, मौलिक प्रविधि बनाउने सीप, र प्रविधि हराउँदै गएका छन् ।

हाम्रा बाजे–बज्यै र बराजुहरूले परापूर्व कालदेखि नै जीविका धान्नका लागि सिकेका जानेका सिप, कला, अभ्यास र प्रचलनहरू नै परम्परागत ज्ञान हुन् । बदलिँदो परिवेशसँगै हाम्रा पूर्खाले आर्जेका ज्ञानहरू विस्तारै हराउँदै गइरहेका छन् । हिजो जुन रूपमा एउटा चक्र सरी ज्ञान, सिप र अभ्यासहरू सर्दै आइरहेका थिए । यो क्रम निरन्तर आधुनिकताका नाममा नास हुँदै छ । हाम्रा पूर्खाले पहिलेदेखि प्रयोग गर्दै सिक्दै आएका ज्ञानहरू उचित संरक्षण र अभिलेखीकरणको अभावमा आज हामीहरूबाट गुम्ने स्थितिमा छन् ।

हाम्रो नगर कुनै एउटा जाति र संस्कृतिको मात्र नभएर सबैको साझा फूलबारी हो । यहाँ २८ भन्दा बढी जातजातिहरू र धेरै भाषाभाषीहरू रहेका छन् । जातजातिअनुसार यही सानो भूगोलभित्र पनि प्राकृतिक स्रोतको उपयोग, खाद्य वस्तुको उपभोगदेखि लिएर औषधीमूलोसम्म आआफ्नै प्रयोगका अनुभवहरू छन् । हाम्रै समुदाय वरपर पनि विभिन्न रोगको उपचार गर्ने विभिन्न तौरतरिकाहरू छन् । जस्तो कि हामी रूघा खोकी लागेमा तुलसी पानी उमालेर खान्छौं । ज्वरो आएमा चिराइतोको प्रयोग गर्छौं । हाम्रो बाजेले लेकबाट ठूलो ओखती ल्याई मात्रा मिलाएर गाई भैंसीलाई खुवाएको याद अझै ताजा छ । हामीले जानेका यी ज्ञान परम्परागत रूपमा नै हस्तान्तरण भई आएका हुन् । अझ आदिवासी जनजाति समुदायमा औषधीमुलो, खाद्य उपभोग र अन्य कुरामा परम्परागत ज्ञानको प्रयोग झन् बढी मात्रामा छ ।

परम्परागत ज्ञानको महत्त्व यति धेरै हुँदाहुँदै पनि देशको अथाह परम्परागत ज्ञान उचित रूपमा अभिलेखीकरण गर्न सकिएको छैन । यस कार्यमा जुन रूपमा बहुसरोकारवालाले तत्परताका साथ कार्य गर्नुपर्ने हो त्यो हुन सकेको छैन । नीति निर्माण तहमा उल्लेख्य काम पनि भएको छैन । परम्परागत ज्ञानको उपयोग गरी अन्तराष्ट्रियस्तरमा जुन कार्य भएको छ, त्यसबाट पनि हामीले केही सिक्नुपर्ने देखिन्छ । यस विषयमा पनि सर्वसाधरणलाई समयमै सचेत गराउनुपर्ने अवस्था छ ।

समुदायमा रहेको परम्परागत ज्ञानको संरक्षणको महत्त्व दिनानुदिन बढिरहेको अवस्थमा स्थानीय सरकारले उचित नीति निर्माण गर्दै कार्यान्वयनतर्फ जानुपर्ने देखिन्छ । परम्परागत ज्ञान र सीप र कलाको संरक्षणको वातावरण तयार पारी सम्पूर्ण समुदायहरूले साथ दिनुपर्दछ । परम्परागत ज्ञानको स्रोत समुदाय र व्यक्ति रहेको हुनाले यसको संरक्षण तथा अभिलेखीकरण गरेमा अधिकतम् फाइदा पनि समुदायलाई रहन्छ । परम्परागत ज्ञानको फाइदा लिनका लागि र आफ्नो सिप तथा ज्ञान सुरक्षित राख्न समुदाय सजक हुन जरूरी छ । परम्परागत ज्ञान लोप भएमा समुदायले मात्र हानी बहोर्ने नभएर देशले नै क्षति व्यहोर्छ । हाम्रा छरपष्ट रहेका परम्परागत तौरतरिक, सिप, कला, सिर्जना, र प्रविधिको संरक्षण गर्नु आजको आवश्यकता तथा हामी सबैको साझा दायित्व हो ।

## अभ्यास:

**१. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) परम्परागत प्रविधिको उपयोग गरी निर्मित स्थानीय वस्तुहरूको सूची बनाउनुहोस्।

(ख) परम्परागत प्रविधिको महत्त्व व्याख्या गर्नुहोस्।

(ग) परम्परागत कला र प्रविधिको संरक्षणमा समुदायको भूमिका उल्लेख गर्नुहोस्।

(घ) चोयाबाट सामग्री निर्माण गर्ने कलाका बारेमा लेख्नुहोस्।

आम्दानीमा वृद्धि गरी समग्र सामुदायिक विकासमा योगदान पुर्याउँदै आएको छ । यो कार्यक्रमले रोजगारीका अवसरहरू सिर्जना गर्दै गरिबी घटाउका कार्यक्रमहरू पनि अघि बढाउन थालेको छ । पछिल्लो समयमा वन क्षेत्रमा पर्यापर्यटन व्यवसायप्रति धेरैको ध्यान गएको छ । वन नबिग्रने, वातावरण र जैविक विविधता थप संरक्षण हुने र मौलिक सामाजिक —सांस्कृतिक मूल्य—मान्यतामा बढावा हुनाले पनि पर्यापर्यटनको आकर्षण बढेको हो । भूदृश्यको सुन्दरता, जैविक—सांस्कृतिक वैभव र जैविक विविधतामा आधारित पर्यापर्यटन विकासको फड्कोमा गतिलो सारथि बन्न सक्छ । वनभित्र पर्यापर्यटन सञ्चालन हुन सके स्थानीय स्तरमै थप रोजगारीका अवसर, स्थानीय जीवनस्तरमा सुधार र सामुदायिक वनको संरक्षण, संवर्धन र दिगोपन पक्का छ । पर्यापर्यटन व्यवसायलाई वैकल्पिक आयस्रोतका रूपमा स्थापित गरी वातावरणमैत्री विकासमा योगदान पुग्छ ।

प्राकृतिक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक सम्पदाहरूको स्थानीय निकाय, समुदाय तथा निजी क्षेत्र समेतको सहभागितामा संरक्षण, संवर्धन र दिगो व्यवस्थापन गरी पर्यटन बजारबाट अत्यधिक लाभ लिन सक्ने सम्भावना छ ।

विविध प्रकारका पर्यटकीय गन्तव्यसँगै पर्यापर्यटनको अवधारणा आफैंमा गहकिलो छ । पर्यापर्यटनभित्र प्रकृति अध्ययन, वातावरणका विविध पक्ष, आय आर्जनमा मुख्य स्रोत बन्न सक्ने, थोरैमात्र संरक्षणको प्रयासमा स्थापना गर्न सकिने, स्थानीयमै रोजगारीको अवसर, स्थानीय सिप र कलाको विकास, गन्तव्यको पहिचान, उत्पादनको बजारीकरण, पूर्वाधारको विकास, जैविक विविधतामा सहयोगजस्ता अनेकन फाइदा भएकोले वन क्षेत्रको पर्यापर्यटनमा महत्त्व बढेको हो ।

## अभ्यासः

**१. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) जैविक विधिताको परिभाषा दिनुहोस् ।

(ख) राजारानी क्षेत्रमा पाइने उन्यूका प्रजातिहरूको विवरण प्रस्तुत गर्नुहोस् ।

(ग) राजारानी क्षेत्रमा पाइने रुख तथा वनस्पतिको विवरण तयार पार्नुहोस् ।

(घ) राजारानी क्षेत्रमा पाइने जीवजन्तुको विवरण तयार पार्नुहोस् ।

**३. तलको प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) राजारानी क्षेत्रमा पाइने जलीय तथा स्थलीय जैविक विविधताको तुलनात्मक विवरण प्रस्तुत गर्नुहोस् ।

(ख) पर्यापर्यटन विकासमा वन क्षेत्रको महत्त्वको व्याख्या गर्नुहोस् ।

ङ)	स्थानीय नागरिकहरू उद्योग व्यापार र व्यवसाय प्रवर्द्धन कार्यक्रम सहभागी र लाभान्वित हुने,

च)	युवाहरूमा पनि उद्यमशीलताको भावना विकास भई युवाहरूले व्यवसाय प्रारम्भ तथा सञ्चालन गर्ने ।

### (ख) हाट बजारको सुधारका उपायहरू :

लेटाङ बजारमा हाल सीमित स्थानमा मात्र हाटबजार लाग्ने गरेकोछ, जुन पर्याप्त छैन । अहिले बजारलाई थप व्यवस्थित गरी केही नयाँ हाटबजारको समेत व्यवस्था गर्नुपर्ने देखिन्छ । विशेषगरी पहाडी क्षेत्रमा उचित बजारको अभावमा मानिसहरू लामो दूरीको यात्रा गरेर बजार जान बाध्य छन् । यसका लागि नगरले सम्बन्धित स्थानहरूमा सुविधा सम्पन्न बजार तथा हाटको व्यवस्थापन गर्ने प्रक्रिया अघि बढाउनुपर्ने देखिन्छ ।

हाट तथा बजारको सुधारका उपायहरू निम्न छन् :

- नगरका स्थापित बजारहरूको उचित व्यवस्थापन गर्दै आवश्यक देखिएका अन्य पायक पर्ने स्थानहरूमा हाट तथा बजारको स्थापना गर्ने,
- थोक बजार, खुद्रा बजार तथा सङ्कलन केन्द्रको रुपमा बजारहरूको वर्गीकरण गरी व्यवस्थापन गर्ने,
- प्रत्येक हाटबजारको व्यवस्थापनका लागि सञ्चालन तथा व्यवस्थापन समिति गठन गरी सोही समिति मार्फत बजारको व्यवस्थापनका कार्यहरू गराउने,
- हाट बजार सम्भावित क्षेत्रका लागि पायक पर्ने स्थानमा जग्गा व्यवस्थापन गरी भवन तथा स्थायी टहरा निर्माण गर्ने,
- हाटबजार क्षेत्रको सुरक्षाका लागि आवश्यक प्रबन्ध मिलाउने,
- हाटबजार क्षेत्रको नियमित सरसफाइको व्यवस्था मिलाउने आदि ।

### शिक्षकलाई थप निर्देशन:

लेटाङ नगरपालिकामा हाट तथा बजारको व्यवस्थापनमा सुधार ल्याउनका लागि गरिएका प्रयासहरूको जानकारी दिनुहोस् ।

## अभ्यास:

**१. उत्तर लेख्नुहोस् :**

हाटबजारको व्यवस्थापनका सुधार ल्याउन के कस्ता कार्यहरू गर्नुपर्ला ? लेख्नुहोस् ।

# पाठ : ५
# मितव्ययी व्यवहार

**यस पाठको सहजीकरण पश्चात् विद्यार्थीहरूमा निम्नलिखित सिकाइ उपलब्धि हासिल हुने अपेक्षा गरिएको छ :**

- मितव्ययी बन्ने उपायहरू बताउन र तिनको उचित उपयोग गर्न ।

## सिकाइ सहजीकरण :

- मितव्ययी बन्ने, बचत गर्ने बानीका फाइदाहरूको जानकारी गराउने ।

## पाठको नमुना :

### मितव्ययी जीवनशैलीको परिचय

मानिसहरूको आवश्यकता ठाउँ, समय, परिस्थिति, वातावरण र व्यक्तिअनुसार फरकफरक हुन्छ । आवश्यकतालाई पूरा गर्न प्राकृतिक तथा भौतिक वस्तुको आवश्यकता पर्छ । यी प्राकृतिक तथा भौतिक स्रोत साधनहरूको उचित मात्रामा उपयोग गरी बढी लाभ लिने बानी व्यवहार नै मितव्ययी जीवनशैली हो । अनावश्यक खर्च नगर्ने धनको अधिकतम उपयोग गर्ने तथा भविष्यका लागि बचत गर्ने व्यवहार मितव्ययी जीवनशैलीका उदाहरण हुन् ।

**मितव्ययी आर्थिक व्यवस्थापनका सहज र व्यवहारिक उपायहरू :**

- आवश्यक काममा बाहेक अन्यत्र खर्च नगर्ने,
- विलासी वस्तुको उपभोग नगर्ने,
- फजुल खर्च नियन्त्रण गर्ने ,
- भड्किला कार्यक्रम र गतिविधि नगर्ने,
- भविष्यको आर्थिक योजना तयार गर्ने,
- वित्तीय साक्षरता अनुसरण गर्ने,
- बचत गर्ने बानीको विकास गर्ने,
- जीवनोपयोगी सीपहरूको विकास गर्ने,
- समयको सही सदुपयोग गर्ने,
- सिर्जनशील र सहयोगी बानीको विकास गर्ने,
- उद्यमशीलताको विकास गर्ने,
- आम्दानी र खर्चको नियमित हिसाब राख्ने आदि ।

## अभ्यास:

**१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) मितव्ययी व्यवहार भनेको के हो ?

(ख) मितव्ययी बन्ने कुनै एक उपाय लेख्नुहोस् ।

**२. तलको प्रश्नको लामो उत्तर लेख्नुहोस् :**

(क) मितव्ययी बन्ने उपायहरूको सूची तयार गर्नुहोस् ।

घ) सामाजिक रूपमा एक आपसमा मिलेका र नेतृत्वदायी क्षमता भएका,

ङ) पर्याप्त आर्थिक अवसरहरू उपलब्ध भएको, जीविकोपार्जनमा विविधता भएको,

च) पूर्वाधार तथा सेवाहरूको राम्रो अवसर भएको, राम्रो अवस्थामा रहेको,

छ) प्राकृतिक स्रोत, सम्पदा राम्रोसँग व्यवस्थापन गर्न सक्ने,

ज) उपलब्ध स्रोत साधनहरू आपत् विपतको बेला सहज उपलब्ध हुन सक्ने,

झ) एक आपसमा राम्रो समन्वय, सम्पर्क र सञ्जाल भएको,

ञ) कम भन्दा कम मानवीय सङ्कटासन्नता भएको,

ट) सामाजिक स्थायित्व र सुरक्षा भएको,

ठ) एकीकृत विकास योजना योजना तर्जुमा, कार्यान्वयन गर्न सक्ने र सञ्चालन भएको ।

**आधारहरू :**

- संस्थागत तथा प्रणालीगत सुदृढीकरण,
- स्थानीय विपत् योजना तर्जुमा तथा कार्यान्वयन,
- विपत् पूर्वतयारी तथा शीघ्र प्रतिकार्य,
- विपत् पूर्वसूचना प्रणालीको अवलम्बन,
- स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कोष,

## अभ्यास :

**१. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) विपत् उत्थानशीलता भनेको के हो ?

(ख) विपत् उत्थानशीलताका कार्यहरू के-के हुन् ?

(ग) विपत् उत्थानशीलताका आधारहरू के-के हुन् ?

